दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २४९ | बुटवल | २०८२ भदौं १९ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday September 04, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

### रूपन्देही ३ उप-चुनाव :
## राप्रपामा किचलो, प्रारम्भिक चुनाव अमान्य

**लुम्बिनी संवाददाता**
*बुटवल*

रुपन्देही-३ मा आसन्न निर्वाचनमा प्रारम्भिक मतदानबाट उम्मेदवार चयन गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को निर्णय विवादमा परेको छ ।राप्रपाको संसदीय समितिको मंगलबार बसेको बैठकले १७ कात्तिकमा रुपन्देही-३ मा हुने उप-निर्वाचनमा प्रारम्भिक मतदानबाट उम्मेदवार छनोट गर्ने निर्णय गरेको थियो । तर, संसदीय समितिले निर्णय गरे लगत्तै पार्टीभित्र विवाद सुरु भएको छ । पार्टी केन्द्रले निर्णय गरे लगत्तै जिल्ला, क्षेत्र, नगर, पालिका समितिले विरोध गरेको उदयले बताए ।

केन्द्रले गरेको निर्णयविरुद्धमा धारणा बनाउनका लागि रुपन्देहीमा बैठक समेत गरिएको छ । राप्रपा लुम्बिनीका अध्यक्ष प्रदीपकुमार उदयका अनुसार केन्द्रले पठाएका प्रतिनिधिहरूसँग छलफल भएको बताए । रुपन्देहीको अवस्था, वस्तुस्थिति, भौगोलिक अवस्थिति, जिल्ला नेता कार्यकर्ताको मानसिकता प्रारम्भिक चुनावबाट उम्मेदवार छान्न नहुने रहेको उदयले बताए ।

» *बाँकी ३ पेजमा*

## इम्बोस्ड नम्बर प्लेटबारे सांसदले उठाए प्रश्न

बुटवल । नेकपा एमालेका सांसद सुहाङ नेम्वाङले इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने सरकारको निर्णयमा प्रश्न उठाएका छन् ।

संसद्को बुधबारको बैठकमा शून्य समयमा बोलेका नेम्वाङले सवारी प्रयोगकर्ता नागरिकलाई सरकारले सास्ती दिइरहेको आरोप लगाए ।

नेम्वाङले पर्याप्त तयारीबिना निर्णय गरेर लागु गर्न खोज्ने सरकारको हठी शैलीमा समेत प्रश्न उठाए । "सरकारले इम्बोस्ड नम्बरप्लेट अनिवार्य गर्ने निर्णय गरेको छ । तर, वर्तमान परिस्थितिमा यसले जनतालाई थप शास्ति मात्र बढाउनेछ," नेम्वाङले भने- "सवारी प्रयोग गर्ने आम जनतामाथि पहिले नै धेरै भार छ । गाडी किन्नसाथ उच्च कर, हरेक वर्ष बिमा, सडक कर तिर्न लामो लाइन र लाइसेन्स बनाउन फारम, परीक्षा र लामो लाइन ।"

» *बाँकी ३ पेजमा*

## विद्या भण्डारीको सदस्यताबारे सचिवालयले निर्णय गर्छ : पोखरेल

बुटवल । नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले उपाध्यक्षद्वय युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेको फरक मतबारे बिहीबार (भदौ १९) बस्ने सचिवालय बैठकले निर्णय गर्ने बताएका छन् । बुधबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा गरिएको पत्रकार सम्मेलनमा उनले पूर्वराष्ट्रपतिका विषयमा केन्द्रीय कमिटीको निर्णयमा राखेको फरक मतका विषयमा के गर्ने भन्ने विषयमा बिहीबार छलफल हुने बताएका हुन् ।

'फरक मतका रूपमा दुई उपाध्यक्ष युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेले पूर्वराष्ट्रपति पार्टी राजनीतिमा फर्कनुहुँदैन र उहाँको सदस्यता नवीकरण गर्ने कुरा अस्वीकार गर्नुपर्छ भन्ने विषयमाथि असहमति राख्नुभएको छ । कसलाई सदस्यता दिने कि नदिने भन्ने दस्तावेजको विषय होइन । निर्णयमाथिको फरक मत हो ।'-उनले भने ।

उनले निर्णयमाथिको फरक मत राष्ट्रिय महाधिवेशनमा राखिने बताए । 'निर्णयमाथिको फरक मत विधान महाधिवेशनमा छलफल गर्ने कि राष्ट्रिय महाधिवेशनमा छलफल गर्ने विषय सचिवालय बैठकले निर्णय गर्ला । कुनै विन्दुमा राष्ट्रिय महाधिवेशनमा निर्णयका सन्दर्भमा छलफल गर्न पाइन्छ । मतका हिसाबले फरक नभएकाले विधान महाधिवेशनमा छलफल गर्ने कि पछि गर्ने भन्ने सचिवालयमा छलफल गरेर टुंगो लाग्ला । निर्णयमाथिको असहमति हो विचारमाथिको होइन ।'-उनी भन्छन् ।

कर्ण थापाले राखेको फरक मतका विषयमा के गर्ने भन्ने बिहीबारको सचिवालय बैठकले निर्णय गर्ने उनले बताए ।

## भकारीमा भेटियो लागुऔषध र १० लाख नगद

बुटवल । रुपन्देही प्रहरीले भकारीमा लुकाइएको १० लाख बढी रकमसहित प्रतिबन्धित लागुऔषध बरामद गरेको छ ।

रुपन्देही रोहिणी गाउँपालिका वडा नं. ६ ललितपुर पकडिहवामा ईरसाद परवेजको घरबाट भकारीमा लुकाई राखिएको १० लाख २० हजार रकम बरामद भएको हो । त्यसअघि परवेजलाई ओमसतिया गाउँपालिका वडा नं. ४ बाट भारतीय नम्बर प्लेटको मोटरसाइकलमा फेलापारी चेकजाँच गर्दा मोटरसाइकलको बायाँतर्फको लेग गार्डमा कालो प्लास्टिकमा बेरी राखेको डाइजोपाम इन्जेक्सन ९८ एम्पुल, बुप्रेनोफिन इन्जेक्सन ९६ एम्पुल, प्रोमेथाजिन इन्जेक्सन ९९ एम्पुल गरी जम्मा २९३ एम्पुल बरामद भएको प्रहरीले जनाएको छ ।

त्यस लगत्तै परवेजको घरमा गई खानतलासी गर्दा निज सुत्ने कोठामा रहेको गहुँ राख्ने टिनको भकारीमा कालो रङको प्लाष्टिकमा बेरी लुकाई छिपाई राखिएको रकमसहित स्पास्मो जस्तो देखिने क्याप्सुल २६० पिस लागुऔषध, मोटरसाइकल थान-१, ओप्पो मोबाइल थान-१ बरामद भएको प्रहरीले जानकारी दिएको छ

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय भैरहवा र इलाका प्रहरी कार्यालय धकधई रुपन्देहीबाट खटिएको संयुक्त प्रहरी टोलीले नगद र लागुऔषध बरामद गरेको हो । त्यसैगरी प्रहरीले कोटहीमाई गाउँपालिका वडा नं. ५ घर भई हाल सिद्धार्थनगर नगरपालिका वडा नं. २ मेउडिहवा डेरा लिइ बस्ने २६ वर्षीय ईर्फान अन्सारीको डेराबाट लागुऔषध ब्राउन सुगर १ ग्राम ७३० मिलिग्राम बरामद गरी अन्सारीलाई नियन्त्रणमा लिएको रुपन्देही प्रहरी प्रवक्ता डीएसपी सुरज कार्कीले जानकारी दिए ।

» *बाँकी ३ पेजमा*

### सर्वोच्चको परमादेशको असर :
# लुम्बिनी कोरिडोरका उद्योग सार्न औद्योगिक क्षेत्र माग

**विभिन्न अध्ययनले लुम्बिनी क्षेत्रमा वातावरण प्रदूषण बढ्नुको प्रमुख कारण उद्योग नै रहेको देखाएका छन् ।**

**टिआर शर्मा**
*बुटवल*

बुद्धजन्मस्थल लुम्बिनीबाट १५ किलोमिटर दूरीमा सञ्चालित कार्बन उत्सर्जन गर्ने उद्योगहरू दुई वर्षभित्र स्थानान्तरण गर्न सर्वोच्च अदालतले परमादेश जारीपछि उद्योगीका छाता संस्थाहरुले एकपछि अर्को माग अघि सारेका छन् ।

सर्वोच्चको परमादेशपछि नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश समिति, बुटवल उद्योग वाणिज्य संघ, सिद्धार्थ उद्योग वाणिज्य संघ, लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ लुम्बिनी प्रदेश समितिलगायत संस्थाले सरकारले अर्बौं लगानीका उद्योगहरु स्थानान्तरणका लागि पूर्वाधारसहितको छुट्टै औद्योगिक क्षेत्र स्थापना गरिदिनुपर्ने माग गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश समितिले अदालतको आदेशले उद्योगी व्यवसायीहरूमा असुरक्षा र अनिश्चितताको वातावरण सिर्जना गरेको भन्दै सरोकारवालाहरु गम्भीर हुनुपर्ने धारणा राखेको छ । महासंघका अध्यक्ष कृष्णप्रसाद शर्माले जारी गरेको विज्ञप्तिमा उद्योगहरु स्थानान्तरणको उचित क्षतिपूर्ति र सहुलियतको व्यवस्था गर्न माग गरेका छन् ।

'अर्बौं रुपैयाँको लगानीमा सरकारको नियमानुसार दर्ता तथा नवीकरण भई सञ्चालन भइ उद्योगहरूलाई स्थानान्तरण वा बन्द गर्नुपर्ने अवस्थाले न्यून आर्थिक चलायमान र सुस्त आर्थिक अवस्थामा क्षमताको ५० प्रतिशत मात्र उत्पादन गरी जेनतेन चलेका उद्योगहरुको संवैधानिक अधिकार रक्षा गर्नु पनि राज्यको दायित्व हुनु पर्दछ,' विज्ञप्तिमा भनिएको छ-'उचित क्षतिपूर्ति र सहुलियतको व्यवस्था नगरिए उद्योगीहरूको मनोबलमा गम्भीर गिरावट मात्र होइन, हजारौं श्रमिकको रोजगारी समेत संकटमा पर्ने खतरा छ ।' सरकारले उद्योगीका माग सम्बोधन नगरे समग्र लुम्बिनी प्रदेशको सामाजिक-आर्थिक संरचना कमजोर बनाउने र लगानीमैत्री वातावरणमा नकारात्मक असर पार्ने विज्ञप्तिमा उल्लेख छ । उद्योगहरु स्थानान्तरणपछि खाली हुने जमिनमा पर्यटनमैत्री व्यवसायका लागि आवश्यक पूर्वाधार, लगानीको वातावरण र नीति निर्माण स्पष्ट हुनुपर्ने माग गरिएको छ ।

महासंघले सरकार र सम्बन्धित निकायलाई उद्योग, रोजगारी र वातावरणबिच सन्तुलन कायम गर्ने रणनीति बनाउन आग्रह गरेको छ । 'यसका लागि स्पष्ट समयरेखा, क्षतिपूर्ति व्यवस्था, वैकल्पिक औद्योगिक क्षेत्रको स्थापना, श्रमिकको हित सुरक्षित हुने कार्यक्रम र दीर्घकालीन नीति निर्माण पहिलो प्राथमिकतामा राख्नु पर्दछ,' विज्ञप्तिमा भनिएको छ-'महासंघ लुम्बिनीलाई विश्वस्तरीय धरोहरका रूपमा जोगाउँदै औद्योगिक तथा पर्यटकीय विकासलाई व्यवस्थित, सुरक्षित दृष्टिकोणबाट अघि बढाउन सरकार र सरोकारवाला निकायसँग सहकार्य गर्न तयार छ ।'

यस्तै बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले लुम्बिनी कोरिडोरमा रहेका उद्योगलाई स्थानान्तरण गर्नुपर्ने सर्वोच्च अदालतको आदेशप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

संघले बुधबार एक विज्ञप्ति जारी गर्दै सरकारलाई समन्वय र सहजीकरण गर्न आग्रह गरेको हो ।


बुटवल उद्योग वाणिज्य संघ, रूपन्देही
BuCCI
(FNCCI को ...)
लुम्बिनी कोरिडोरका उद्योग स्थानान्तरण सम्बन्धमा समन्वय र सहजिकरणका लागि नेपाल सरकारलाई आग्रह :
मिति २०८२ भदौ ११ गतेको सम्मानित सर्वोच्च अदालतको फैसलाले भैरहवा-लुम्बिनी सडक क्षेत्रमा रहेका उद्योगहरुलाई २ वर्ष भित्र स्थानान्तरण गर्ने वा पूर्णरुपमा बन्द गर्न दिएको आदेश प्रती बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीको ध्यानाकर्षण भएको छ । २०३२ साल पछि देशमा कुनै औद्योगिक क्षेत्र समेत स्थापना र संचालन हुन नसकिरहेको अवस्थामा राज्यको स्वीकृतिमा निजी जग्गा खरिद र पुर्वाधार निर्माण गरि अरबौंको लगानीमा स्थापना भई हजारौंलाई रोजगारी दिएका उद्योगहरुलाई वैकल्पिक रुपमा पुर्वाधार सहितको जग्गा उपलब्ध गराई उद्योग स्थानान्तरण गर्दा लाग्ने खर्चको समेत सरकारको तर्फबाट व्यवस्थापन गर्न सम्मानित अदालतबाट परमादेश भएको भएमात्र औद्योगिक क्षेत्रमा लगानीको सुरक्षा हुन सक्दथ्यो । उद्योग कलकारखानामा भएको लगानी सुरक्षा हुँदा मात्रै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको वातावरण निर्माण भई समृद्धिको यात्रा शुरु गर्न सकिन्छ भन्ने विश्वास रहेको छ ।
तथापी, राज्यको स्वीकृतिमा निजी जग्गा खरिद र पुर्वाधार निर्माण गरि अरबौंको लगानीमा स्थापना भई सञ्चालनमा रहेका उद्योगहरुलाई वैकल्पिक रुपमा पुर्वाधार सहितको जग्गा उपलब्ध गराई उद्योग स्थानान्तरण गर्दा लाग्ने खर्चको समेत सरकारको तर्फबाट व्यवस्थापन गर्न आग्रह गर्दछौं । विश्व सम्पदासुचीमा रहेको लुम्बिनी र त्यसको वरिपरिको (तोकिएको क्षेत्र भित्र) वातावरणीय मापदण्ड निर्माणका लागि स्थानान्तरण गर्नु पर्ने उद्योगहरुका लागि रुपन्देहीको तिनाउ नदी उकास क्षेत्रमा निर्माणको प्रक्रियामा रहेको मोतिपुर औद्योगिक क्षेत्र भित्र जग्गा सुनिश्चितता गरि द्रुत गतिमा औद्योगिक क्षेत्र निर्माणमा लाग्न नेपाल सरकार, उद्योग मन्त्रालय, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड र सरोकारवाला सबैको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।
मिति : २०८२ भाद्र १७ गते
हरिप्रसाद अर्याल
अध्यक्ष
bulwalcci@gmail.com www.bcci.org.np
www.facebook.com/butwalchamber @CCI_Butwal
बालश्रम बन्द गरौं ।




संघका अध्यक्ष हरिप्रसाद अर्यालले जारी गरेको विज्ञप्तिमा २०३२ सालपछि देशमा नयाँ औद्योगिक क्षेत्र स्थापना र सञ्चालन हुन नसकेको अवस्थामा निजी लगानीकर्ताले अरबौं रुपैयाँ खर्च गरेर पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याएका उद्योगलाई उचित विकल्प नदिई स्थानान्तरण गर्नुपर्ने अवस्था चुनौतीपूर्ण रहेको उल्लेख गरिएको छ । विश्व सम्पदा सूचीमा रहेको लुम्बिनी र वरिपरिको वातावरणीय मापदण्डलाई ध्यानमा राख्दै उद्योगलाई स्थानान्तरण गर्नुपर्ने भए पनि सरकारले वैकल्पिक रुपमा पूर्वाधारसहितको औद्योगिक क्षेत्र उपलब्ध गराउनु पर्ने अध्यक्ष अर्यालले सरकारसँग माग गरेका छन् ।

संघले रुपन्देहीको तिनाउ नदी उकास क्षेत्रमा निर्माणाधीन मोतीपुर औद्योगिक क्षेत्रलाई द्रुतगतिमा सम्पन्न गरी त्यहाँ जग्गा सुनिश्चित गर्ने र उद्योग स्थानान्तरणमा लाग्ने खर्चसमेत सरकारकै व्यवस्थापनमा उपलब्ध गराउनुपर्ने माग गरेको छ । संघले उद्योगमा भएको लगानी सुरक्षित गर्न सकिने अवस्था सिर्जना भए मात्र आयात प्रतिस्थापन, निर्यात प्रवर्धन र समृद्धिको यात्रा अगाडि बढ्ने विश्वास व्यक्त गरेको छ ।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले भैरहवा-लुम्बिनी कोरिडोरमा सञ्चालित उद्योगहरुलाई स्थानान्तरण गर्न सर्वोच्च अदालतले दिएको आदेशले औद्योगिक वातावरणमा बहुआयामिक प्रभाव पार्ने भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

संघका अध्यक्ष नेत्रप्रसाद आचार्यद्वारा जारी विज्ञप्तिमा उद्योग बन्द वा स्थानान्तरणका लागि उचित क्षतिपूर्ति र सहुलियतको व्यवस्था गर्न माग गरिएको छ । यसो नगरिएमा उद्योगीहरूको मनोबलमा गिरावट आई बैंकिङ क्षेत्रको कर्जामा प्रत्यक्ष असर पर्ने मात्र नभई हजारौं श्रमिकहरूको रोजगारी संकटमा पर्ने गम्भीर खतरा रहेको विज्ञप्तिमा उल्लेख छ ।

'उद्योगलाई निरन्तरता दिन सरकारले आवश्यक सहुलियत, क्षतिपूर्ति र नीतिगत स्पष्टता प्रदान गर्न राज्यको ध्यानाकर्षण गराउन चाहन्छौं ।'-विज्ञप्तिमा उल्लेख छ ।

यस्तै लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ, रुपन्देहीले लुम्बिनी-भैरहवा करिडोरमा सञ्चालित उद्योगहरुलाई स्थानान्तरण गर्ने सर्वोच्च अदालतले हालै दिएको आदेशले बहुआयामिक प्रभाव पार्ने विषयमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

संघका अध्यक्ष अजयकुमार गुप्ताद्वारा जारी प्रेस विज्ञप्तिमा लुम्बिनी क्षेत्रमा करिब डेढ दर्जनभन्दा बढी इट्टा उद्योगहरु स्थानान्तरण गर्नुपर्ने वा नसकेमा करोडौं क्षति हुने उल्लेख छ ।

'सरकारको दूरदर्शी नीति नहुँदा ३५-४० वर्षदेखि अघिदेखि सञ्चालनमा रहेका इट्टा उद्योगहरु अब सार्नुपर्ने भएको छ, आर्थिक मन्दीले थला परेका उद्योगीले सार्न नसके करोडौं नोक्सानी बेहोर्नुपर्ने जोखिम छ,' गुप्ताले भने-'एउटा ईट्टा उद्योग सञ्चालनका लागि कम्तीमा १० देखि १५ विघा जग्गाको आवश्यकता पर्छ, अन्यत्र सार्नका लागि सरकारले जग्गाको व्यवस्था गर्नैपर्छ ।' यहाँका इट्टा उद्योगहरुमा करिब ६ हजार मजदुर रोजगारीमा रहेका र उद्योग बन्द भएको खण्डमा उनीहरुले जीविकोपार्जनका लागि अन्य क्षेत्रमा रोजगार पाउन कठीन रहेकाले सरकारले उनीहरुको रोजगारीको विकल्प दिनुपर्ने गुप्ताको माग छ ।

बुद्ध जन्मस्थलमा जथाभावी संरचना निर्माण थालिएको र यस्तो कार्यले विश्व सम्पदा सूचीमा रहेको पुरातात्विक महत्वको स्थलमा असर पर्ने दाबीसहित वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माले रिट दायर गरेका थिए ।

» *बाँकी ३ पेजमा*

## शाइन रेसुङ्गालाई उत्कृष्ट विकास बैंक अवार्ड



बुटवल । शाइन रेसुंगा डेभलपमेन्ट बैंकले भारतमा उत्कृष्ट विकास बैंकसहित चार अवार्ड जितेको छ । इण्डियन च्याम्बर अफ कमर्स स्थापनाको सय वर्ष पुगेको अवसरमा भारतको नयाँदिल्लीमा आयोजित तेस्रो आइसीसी एशिया इमर्जिङ बैंकिङ अवार्ड समारोहमा यो अवार्ड वितरण गरिएको हो । शाइन रेसुंगाले बेस्ट डेभलपमेन्ट बैंकसँगै बेस्ट पर्फमेन्स अन रिस्क म्यानेजमेन्ट, बेस्ट पर्फमेन्स अन प्रोफिटाबिलिटी र पर्फमेन्स अन ग्रोथ विधामा पनि अवार्ड पाएको बैंकले जनाएको छ । यी अवार्डहरु बैंकका तर्फबाट सहायक महाप्रबन्धक यशोधन पाण्डे र चिफ टेक्नोलोजी अफिसर शैलेश श्रीवास्तवले ग्रहण गरेका हुन् ।

बैंकको पछिल्लो तीन वर्षको वित्तीय विवरणको मूल्यांकनको आधारमा शाइन रेसुंगाले चार वटा अवार्ड पाएको हो । इण्डियन च्याम्बर अफ कमर्सले बिमस्टेक राष्ट्रका बैंक तथा वित्तीय संस्थाहरुलाई एकै थलोमा ल्याएर उनीहरुका असल अभ्यास र अनुभव आदानप्रदान गर्दै देशको अर्थतन्त्रमा थप योगदान गर्न उत्प्रेरित गर्ने उद्देश्यले यो अवार्ड वितरण गर्दै आएको आइसीसीले जनाएको छ । कमर्सियल बैंकतर्फ एभरेष्ट बैंकले बेस्ट कमर्सियल बैंक र बेस्ट पर्फर्मेन्स अन प्रोफिटाविलिटी गरी दुई विधामा उपाधि जितेको छ ।

शाइन रेसुंगाले यसअघि अन्तर्राष्ट्रियस्तरको एसिया इमर्जिङ बैंकिङ अवार्ड जितेको थियो भने सन् २०२२ र २४ मा बेष्ट म्यानेज्ड डेभलपमेन्ट बैंक अवार्ड जितेको थियो । शाइन रेसुंगा बुटवलमा केन्द्रीय कार्यालय रहेको लुम्बिनी प्रदेशकै एकमात्र राष्ट्रियस्तरको विकास बैंक हो । अवार्ड वितरण समरोहमा नेपाल राष्ट्र बैंकका प्रतिनिधि पनि सहभागी थिए । बैंकले चारवटा अवार्ड जित्नुमा बैंक सञ्चालक समिति, सेयर सदस्य, कर्मचारी, सेवाग्राही उद्यमी-व्यवसायी र बैंकका शुभेच्छुक सबैको भूमिका रहेको बैंकले जनाएको छ ।



# सम्पादकीय

## दुग्ध किसानका पीडा

लामो समयदेखि दुग्ध उत्पादक किसानहरूले उठाउँदै आएको बक्यौता भुक्तानीको माग सम्बोधन भएसँगै उनीहरूको आन्दोलन स्थगित भएको छ। सरकार र आन्दोलनरत दुग्ध संघसंस्थाहरूबिच भएको वार्तामा कात्तिक मसान्तभित्र सम्पूर्ण बक्यौता चुक्ता गर्ने सहमति हुनु सकारात्मक छ। चाडबाडको बेला किसान सडकमा आउन बाध्य हुनु अस्वभाविकै थियो। लामो समयदेखि पीडित किसानलाई भुक्तानी गर्ने उद्योगहरुले गरेको प्रतिबद्धता कार्यान्वयनको कसीमा हेर्न बाँकी छ।

सरकारी कम्पनी दुग्ध विकास संस्थान र निजी डेरीहरुले किनेको दूधको पैसा नपाएको किसानको भनाइ छ। दुग्ध किसानले महँगो दाना खुवाएर गरेको पशुपालनको लागत महँगो छँदैछ, अझ दुध बेचेको पैसा नपाउँदा झन समस्यामा परेका छन्। दुई वर्षयता किसान पशुमा लम्की स्कीनको प्रकोपले मारमा परिरहेका छन्। किसानका हजारौं पशु मरे। सरकारले प्रकोप प्रभावितलाई उचित राहत दिन पटक्कै ध्यान दिएन्। दूधको उत्पादन लागत बढ्दा बजार मूल्य नबढिरहेको र कमै भए पनि नियमित भुक्तानी रोकिदा किसानको पीडा धेरै छ। भुक्तानी नदिँदा किसान पशुपालन व्यवसायबाट पलायन हुने जोखिम बढेको छ। अहिले दुग्ध विकास संस्थान र विभिन्न डेरीहरुले कम्तिमा ६ अर्ब रुपैयाँ किसानलाई भुक्तानी गर्न बाँकी छ।

सशस्त्र द्वन्द्वकालमा किसानको दूध नियमित संकलनमा समस्या हुँदा धेरै किसान पलायन भए। दुग्ध विकास संस्थानले मिल्क होलिडे लागु गरेको थियो। क्रमशः बौरिएको दूध उत्पादन व्यवसाय अहिले पुनः पहिलेकै अवस्थामा पुगेको छ। कोभिड पछि विभिन्न मुलुकमा रोजगारी गुमाएर यहाँ आएका युवाले व्यवसायिक पशुपालन सुरु गरेका थिए। यही केही गरौं भन्नेका लागि पशुपालन आकर्षक व्यवसाय थियो। अहिलेको विकराल अवस्थाले युवा पलायनलाई झन बढाउने देखिन्छ, जो मुलुकका लागि दीर्घकालका लागि घातक हुनेछ। अहिलेको समस्या तत्काल आएको होइन्, सरकारले बजारको सुनिश्चितता नगर्दा आएको हो। भारतबाट निर्वाध आउने पाउडर दूध र अन्य दुग्धजन्य पदार्थलाई बेलैमा रोक लगाउन सरकारको ध्यान गएन्। यद्यपि अहिले बल्ल केही दुग्धजन्य पदार्थमा रोक लगाइएको छ। कम्तिमा सेना र प्रहरीमा नेपाली पाउडर दूधको उपभोगको सुनिश्चित गर्ने हो भने दुग्ध विकास संस्थानलाई धेरै राहत हुन्थ्यो। दुग्ध विकास संस्थानलाई राहत हुँदा त्यसको प्रभाव किसानसम्म पुग्थ्यो। यहाँ उत्पादन भएको दूध भारत र बंगलादेश निर्यातको प्रबन्ध मिलाउने हो भने किसानका लागि ठूलो राहत हुन्थ्यो।

केही दिनयता डेरी संघ, केन्द्रीय दुग्ध सहकारी संघ, नेपाल डेरी एसोसिएसनलगायत संस्थाहरूले किसानको अर्बौं बक्यौता तत्काल भुक्तानी गर्न माग गर्दै आन्दोलनमा उत्रेका थिए। सहमतिअनुसार २०८२ असार मसान्तसम्मको बाँकी बक्यौता ५ असोजभित्र भुक्तानी गरिनेछ। त्यसैगरी, साउन महिनासम्मको बक्यौता ३० असोजभित्र चुक्ता गरिनेछ।

भदौ महिनासम्मको बाँकी रहेको भुक्तानी भने कात्तिक मसान्तभित्र सम्पन्न गर्ने समझदारी भएको छ। थप सहमतिअन्तर्गत दुग्ध उत्पादक सहकारी संघसंस्थाहरूबाट लिइरहेको दूधको परिमाणमा कुनै कटौती नगरी निरन्तर संकलन गरिनेछ। साथै, सरकारले तोकेको किसानको दूधको न्यूनतम खरिद मूल्य देशभरिका सबै उद्योगहरूबाट अनिवार्य रूपमा लागु गरिने प्रतिबद्धता पनि व्यक्त गरिएको छ। सहमति पूर्णरुपमा कार्यान्वयन गरी किसानको पीडा बुझिदिनुपर्छ।

तत्काल सहमति कार्यान्वयन पहिलो शर्त हो। सरकारले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर दुग्ध व्यवसायी किसानको भविष्य सुनिश्चित गर्नुपर्छ।

# नेपाललाई नहेप्प



झपेन्द्र जिसी

चीन र भारतसमेत मिलेर किन व्यापार गर्ने समझदारी गरेको हो भन्ने विषयमा नेपालले चर्को आवाज उठाएको छ। नेपालले कडा आपत्ति जनाएको छ। विश्वका सचेत जनसमुदायको कानमा नेपाल तरंगित छ, झङ्कृत छ। भारतीय धैरै मिडियाकर्मीले लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालकै भूमि हुन् भनेका छन् र मोदीप्रति कडा आपत्ति जनाएका छन्।

नेपालसँग एउटा कुरा रहेनछ, त्यो हो क्षेप्यास्त्र। अर्थात् बम बारुद। यी देखि बाहेक त सबै रहेछन्। क्षेप्यास्त्र निर्माण गर्न र प्रयोग गर्न नेपालले चाहेन। किन होला ? यसको पनि उत्तर छ। उत्तर हो शिवको देश, बुद्धको देश, पौराणिक सीता र मध्यकालीन भृकुटीको देश।

यस्ता महापुरुष र विभूतिहरुको देशले क्षेप्यास्त्र निर्माण र प्रयोग गर्नु शोभनीय हुँदै न पनि। त्यसैले हातहतियारको खेतीमा नेपाल लागेको छैन। कसैले घाँटीभरि रुद्राक्षको माला पहिरेर क्षेप्यास्त्र बोक्नु शोभनीय हुँदैन। उपयुक्त पनि हुँदैन।

सार्वभौमसत्ता सम्पन्न नेपालको भूमि, संस्कृतिमाथि थिचोमिचो भइरहने, लुटपाट र साँध मिचिरहने हो भने नेपाल देश र नेपाली जनता टुलुटुलु हेरेर बस्न सक्दैनन्। जननेता मदनभण्डारी भनिरहनुहुन्थ्यो- विपक्ष र संधियार जसरी आउँछ त्यो बेला नेपाल त्यसैगरी उपस्थित हुनु धर्म हो। धर्म निर्वाह गर्नका लागि महाभारत युद्ध भएको हो। कृष्णले युद्ध नीति बमोजिम चल्न अर्जुनलाई आदेश दिएको कथा स्मरणीय छ। त्यस्तै जो कोहीले हेपिरहे- धर्म निर्वाह गर्दा नेपालले कताकता दुख्ने गरी नै अकु प्रेसर गर्नुपर्ने हुन्छ। त्यो अकु प्रेसर कुनै दिन सामान्य नभएर अनुमान गर्न नसक्ने खालको पनि हुन सक्छ। किन भने नेपाल देश भनेको आजका जीवित मान्छेको मात्र होइन। यो देशको भूमि र संस्कृति त भोलिका सन्ततिको नै हो। त्यसैले नेपालमाथि छिमेकी वा कसैले पनि आक्रमण नगर्दा नै उसको कल्याण हुने देखिन्छ। तर दम्भ छ। त्यो दम्भ ठूलो छ। आफ्नो भू-भाग ठूलो भएको दम्भ छ। आफूसँग गोला बारुद र क्षेप्यास्त्र छ भन्ने कुराको दम्भ छ। शस्त्रअस्त्र र बम बारुद छ भन्ने दम्भ छ। ठूलो जनसंख्या छ भन्ने पनि दम्भ छ, हरेक कुरामा दम्भ र घमण्ड छ, त्यसैले हेप्छन्, हेप्ने संस्कार बनेको छ। त्यसैले हेप्ने संस्कार बसेको छ। सीमा मिच्ने बानी परेको छ, त्यो मिचाई एक ठाउँ होइन, दखिखनतिरबाट हेर्ने हो भने त सयौं ठाउँ छ। प्रमुख रुपमा दखिखना नै हो, लिपुलेकमा त उत्तरा पनि जोडिएछ।

सार्वभौम सम्पन्न, स्वतन्त्र नेपाललाई सोधपुछ नगरी दखिखनाले दखिनबाट उत्तर चीनको तिब्बतसम्म सडक बनाउने काम गरेको छ। लिम्पियाधुरा, लिपुलेक, कालापानी नेपालको भूमि हो भन्ने प्रमाण पेश गर्दा गर्दै सडक निर्माण गर्ने ! कस्तो हेपाहा प्रवृत्ति हो ! कस्तो मिचाहा प्रवृत्ति हो !

नेपालका प्रधानमन्त्री केपी शर्मा ओली उपनिवेशवाद विरोधी वा जापानले चीनमाथि आक्रमण गरेको सन्दर्भ र चीनले विजय प्राप्त गरेको सम्झनामा आयोजित शिखर सम्मेलनमा नेपालका प्रधानमन्त्री केपी ओली अहिले चीनमा हुनुहुन्छ। नेकपा एमालेका अध्यक्ष ओलीले मिचाहा दखिखनाको झेंको झार्नु भएको छ। ओलीले झेंको झारेको बोली हो, गोलीले झेंको झार्न थाल्यो भन्ने कस्तो नमज्जा होला ! त्यो अवस्थामा कता कता जनधनको खति होला ! खति हुनु राम्रो होइन।

बुद्धको जन्मभूमि, शान्ति भूमि नेपालका जनता र सरकारले पनि सधैं सधैं शान्तिको रुद्रमाला वा बोधिचित्तको माला जपेर बसिरहनु पर्छ भन्ने केही छैन !

नेपालको परराष्ट्रनीति अहिले पनि पञ्चशीलमा आधारित छ वा पञ्चशीलले मार्ग दर्शन गरिरहेको छ। पञ्चशीलको अर्थ हो, सहअस्तित्वको सिद्धान्त हो। बाँच र बाँच्न देऊ भन्ने सिद्धान्तमा आधारित छ।

दक्षिणतर्फको देश भारतले पनि आफूलाई पञ्चशीलवादी ठान्दछ। पञ्चशीलको सिद्धान्तको कन्सेप्ट राख्ने एक जना नेता त जवाहार लाल नेरु नै हुन्। तर जवाहारलाल नेरु, इन्दिरा गान्धी, नरेन्द्र मोदीलगायत कसैले पनि पञ्चशीलको सिद्धान्तको भावना र अक्षरलाई कहिल्यै पनि मानेनन् र मान्दै छैनन्। पञ्चशीलको सिद्धान्त त विश्वलाई देखाउने सुनौलो साइनबोर्ड मात्र बनाएका छन्। त्यसैले सिक्किमलाई त्यही भारतले निल्यो भुटान भन्ने देश त छ। तर सुरक्षाको जिम्मा भारतले आफ्नो स्वामित्वमा लिइसक्यो। हाम्रो देशका सुस्ता, महेशपूरा मेचीतिरका र महाकालीतिरका नेपाली गाउँहरु कता कता भारतीय गाउँ बनेका छन्। र, बन्दैछन्। हाम्रो कुटी, गुञ्जी, नाभी कालापानीमाथि नाङ्गो आक्रमण गरेको वा दाह्रा नङ्गा धसेको विश्व जनमतले देखेको छ। अर्थात् पूर्वबाट पश्चिमबाट र दखिखनबाट खेतबारीको साँध मिचुवा दुष्टले अलि अलि कोतर्दै जमिन आफ्नोतिर पारे झै गरी पार्दैछ। लाज शर्म पचेकाले जे गरे पनि हुँदोरहेछ।

अन्त्यमा सरकारको कर्तव्य के ? आफ्नो राष्ट्रवादी नीतिलाई विश्व जनमत समक्ष प्रस्तुत गर्नु नै हो। जनताको कर्तव्य के ? सरकारले उठाएका राष्ट्रवादी कदम र अभियानलाई सकारात्मक ढंगले ग्रहण गर्नु नै हो। नागरिक समाजको कर्तव्य के ? नागरिक समाजको कर्तव्य भनेको जनतालाई राष्ट्रियताको पक्षमा प्रवाहित गर्नु नै हो।

अहिले प्रधानमन्त्री केपी शर्मा ओली अर्थात् सरकारका प्रमुख जनवादी चीनको शिखर सम्मेलनमा हुनुहुन्छ। अहिले भारतले नेपालको सम्पूर्ण जमिन मिचेर चीनको तिब्बतसम्म सडक पुऱ्याएको र त्यसमा नेपालले पटक-पटक आपत्ति जनाउँदा जनाउँदै किन चीन र भारतसमेत मिलेर किन व्यापार गर्ने समझदारी गरेको हो भन्ने विषयमा नेपालले चर्को आवाज उठाएको छ। नेपालले कडा आपत्ति जनाएको छ। विश्वका सचेत जनसमुदायको कानमा नेपाल तरंगित छ, झङ्कृत छ। भारतीय धैरै मिडियाकर्मीले लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालकै भूमि हुन् भनेका छन् र मोदीप्रति कडा आपत्ति जनाएका छन्। भने पछि नेपाली मिडियाकर्मी, बुद्धिजीवि, सचेत नागरिक सबै यस अभियानमा सरकारलाई साथ दिन परेनर !

# स्याङ्जामा २२ करोडको लागतमा १५ शीतभण्डार

प्रकाश डोटेल

*स्याङ्जा*

चिसो मौसममा पाइने स्याङ्जाका रसिला सुन्तला भण्डारण गरेर गर्मियाममा बेच्न सके कृषकले कम्तिमा दोब्बर मुल्य पाउने थिए। सुन्तला पाक्ने मौसम सुरु भएसँगै जिल्लाका कृषकलाई सताउने एउटै चिन्ता छ, सुन्तलाले यो वर्षपनि उचित मूल्य पाउँदैन्। कृषकको यस्तै चिन्तालाई अन्त्य गर्न जिल्लामा झण्डै १५ वटा शीतभण्डार निर्माण गरियो।

कृषकले उत्पादन गरेका वस्तुको उचित मूल्य पार्न २२ करोडको लागतमा बनेका १५ शीतभण्डार सञ्चालनमा छन्। जिल्लाका ११ मध्ये ९ पालिकामा एक हजार ८५० मेट्रिकटन क्षमताका शीतभण्डार निर्माण भएको छ। आवश्यक जनशक्तिको अभाबमा ठूला शीतभण्डार चलेकै छैन। करोडौ खर्चेर बनेका सामान्य रुपमा चलेका अधिकांश शीतभण्डार आलु भण्डारणमा सिमित बन्न पुगेका छन्।

स्याङ्जाको पुतलीबजार नगरपालिका ११ सुम्रेखोलामा जिल्लाकै ठूलो एक हजार तीन सय मेट्रिकटन क्षमताको शीतभण्डार छ। १४ करोड खर्चेर निर्माण भएको शीतभण्डार आलु भण्डारण गरेर राखिएको कृषि ज्ञान केन्द्रका कृषि अर्थ विज्ञ नारायण पाठकले बताए। भण्डारण क्षमताका आधारमा गल्याङ नगरपालिकाको जिमुवामा तीन करोड ४० लाखको लागतमा जिल्लाको दोस्रो ठूलो तिन सय मेट्रिकटन क्षमताको शीतभण्डार बनेको अर्थविज्ञ पाठकले जानकारी दिए।

जिल्लाको वालिङ नगरपालिकास्थित त्रियासी र मिर्दिमा एक करोड २० लाख खर्चेको ५२ र १० मेट्रिकटन क्षमताका दुई वटा शीतभण्डार छन्। फेदीखोला गाउँपालिकाको सर्केटारी र फेदीखोलामा ६९ लाखमा बनेका २० र १० मेट्रिकटनका दुई शीतभण्डार रहेको छ। बिरुवा गाउँपालिकामा ३९ लाखमा बनेको ३० मेट्रिकटन क्षमताका दुई, आँधीखोला गाउँपालिकामा ६७ लाख खर्चमा बनेका दुई र अर्जुनचौपारी गाउँपालिकामा ३२ लाख खर्चेर बनेको १०/१० मेट्रिकटन क्षमताका दुई शीतभण्डार रहेका छन्।

त्यस्तै कालीगण्डकी गाउँपालिकामा ९० लाख लागतमा बनेको ५४ मेट्रिकटन र पुतलीबजार नगरपालिका-१४ लामागेमा २३ लाखमा बनेको १० मेट्रिकटन क्षमताको शीतभण्डार छन्। जिल्लाकै चापाकोट नगरपालिकामा प्रदेश सरकारको अनुदानमा बन्दै गरेको शीतभण्डार निर्माणको अन्तिम चरणमा पुगेको केन्द्रका सुचना अधिकारी विकास विकले बताए।

जिल्लाका सुन्तला तथा सरकारी उत्पादक कृषकले शीतभण्डार व्यवस्थित बनाएर चलाउन माग गरेका छन्। करोडौ खर्चमा बनेका शीतभण्डारबाट कृषकले उचित लाभ उठाउन नपाएको सुन्तला उत्पादक फणिनारयाण अर्यालले बताए। शीतभण्डारको संरचनासँगै प्रविधि ल्याए पनि उपयोग गर्न नपाउँदा राज्यको करोडौ मूल्य थुप्रिएको छ भने कृषक लाभ लिनबाट वञ्चित भएको बताउँदै अर्यालले भने- 'कृषकलाई शीतभण्डार 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात' भनेजस्तै भएको छ।'

सुन्तला पाक्ने मौसममा गएकै वर्ष करिब १७० कृषकले जिल्लाकै ठूलो सुम्रेखोलास्थित शीतभण्डारमा भण्डारण गरेको १६० मेट्रिकटन सुन्तला कुहिँदा झण्डै ८५ लाखको क्षति पुगेको थियो। शीतभण्डारमा जडित प्रविधि चलाउन नजान्दा, हातले टिपेको सुन्तलामा ढुंसी छिटो फैलने हुँदा कृषकले ठूलो क्षति व्यहोर्न बाध्य भए। शीतभण्डारबाट लाभ लिन प्रविधिमा दक्ष जनशक्ति र सुन्तला टिप्न आधुनिक विधि अपनाउँनु पर्नेमा कृषि विज्ञ पाठकले जोड दिए।

स्याङ्जामा २० हजार ८४ मेट्रिकटन सुन्तला उत्पादन गर्दा गएकै वर्ष कृषकले एक अर्ब १२ करोडको कारोबार गरे। २२ करोडको शीतभण्डारमा सुन्तला, तरकारी भण्डारपछि उचित मुल्य पाईने वस्तु राख्नुपर्नेमा सामान्य मुल्यको आलु भण्डारण गरिएको छ। आलु मात्रै भण्डारण गर्दा शीतभण्डार संचालनार्थ विद्युत्, कामदार लागत खर्च समेत अपुग भएको वालिङस्थित त्रियासी कृषि उपज व्यवस्थापन शीतभण्डारका प्रबन्धक युवाराज रेग्मीले बताए।

जिल्लामा सुन्तला लगाउने कृषकको संख्या दिनानुदिन वृद्धि हुँदै गएको छ। केहि वर्षअघि लगाएको सुन्तलाले उत्पादन दिन थालेपछि उत्पादनमा समेत वृद्धि आउनेछ। शीतभण्डारको आवश्यकता बढ्दै गएको छ। करोडौ खर्च गरेर बनाएको शीतभण्डारको उचित प्रयोगमा नआउनुले कृषकहरुमा नौराश्यता थपेको सुन्तला उत्पादक कृषकको भनाइ छ।

# नेप्से परिसूचक १५ अङ्कले घट्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १५ दशमलव ६४ अङ्कले घटेर दुई हजार ७२६ दशमलव ३३ को विन्दुमा कायम भएको छ। आज ३२६ कम्पनीको एक करोड १३ लाख ४५ हजार ९९४ कित्ता शेयर ६८ हजार ५९४ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु चार अर्ब ७२ करोड ८० लाख ५२ हजार ८६० मा खुम्चिएको हो।

कारोबारमा म्युचुअल फण्ड शून्य दशमलव २२ र व्यापार समूह शून्य दशमलव शून्य सात प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव ५५, विकास बैंक शून्य दशमलव ८५, वित्त शून्य दशमलव ७६, होटल तथा पर्यटन शून्य दशमलव ९३, जलविद्युत् शून्य दशमलव ९३, लगानी शून्य दशमलव ५४ र जीवन बिमा शून्य दशमलव ५६ प्रतिशतले घटेको छ।

त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४०, लघुवित्त शून्य दशमलव ६९, निर्जीवन बिमा शून्य दशमलव ३९ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घटेको छ। हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी लिबर्टी इनर्जी कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ९९ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी युनियन हाइड्रोपावर लिमिटेडको रु ३३ करोड ८० लाख २२ हजार ५२४ बराबरको शेयर किनबेच भएको छ। त्यस्तै कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा बढी लिबर्टी इनर्जी कम्पनी लिमिटेडको १२ लाख ११ हजार ६६ कित्ता शेयर खरिदबिक्री भएको छ।


## छत्रदेव गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

### सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०५/१९ गते

छत्रदेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत सुरक्षित आप्रवासन (सामी)कार्यक्रमका लागि तपसिलमा उल्लिखित पदमा योग्यता भएका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले ईच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिदसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| वि.नं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १/२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना | ▪ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ /नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएलवर्कमा स्नातक तह,स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको<br>▪ सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिइनेछ।<br>▪ प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>▪ कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPointमा कार्य सम्पादन गर्न सक्ने।<br>▪ नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने। |

**उमेर**ः दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको।

**परिक्षाको किसिम**ः मनोसामाजिक परामर्शकर्ता (लिखित, प्रयोगात्मक र अर्न्तवार्ता)

**दरखास्त दस्तुर**ः रु. ५००।०० जम्मा गरेको सक्कल रसिद

**दरखास्त दिने अन्तिम मिति**ः २०८२/०६/०२ गतेका दिन कार्यालय समयभित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

**कार्य अवधि**ः २०८३ असार मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मूल्याङ्कनका आधारमा नवीकरण हुन सक्नेछ।

**तलब तथा अन्य सुविधा**ः कार्यक्रमको नियमानुसार।

**आवश्यक कागजातहरु**ः माथि उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपिर पासपोर्ट साईजको फोटो ३ (तीन) प्रतिआफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाइ निवेदनसहित गाउँपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनोट प्रक्रियामा समावेश गरिने छैन।

**छनोट प्रक्रिया**ःप्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको कम्प्युटर प्रयोगात्मक परीक्षा र अन्तरवार्तामा समावेश गरिने छ। अवसरबाट बञ्चितीकरणमा परेका समुदायहरु खास गरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्य वर्गका उम्मेदवारहरुको समावेशीकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्बन गरिनेछ।

**परीक्षा मिति**ःलिखित र प्रयोगात्मक परीक्षाको मिति पछि प्रकाशन गरिनेछ।

**पाठ्यक्रम**ः छत्रदेव गाउँपालिकाको वेभसाइट www.chhatradevmun.gov.np मा हेर्न सकिन्छ।

**पदपुर्ति समिति**

## राप्रपामा...

रुपन्देही-३ 'ख' का अध्यक्ष प्रेमबहादुर कुँवरले बुधबार विज्ञप्ति निकालेर प्रारम्भिक मतदान बहिष्कार गर्ने घोषणा गरेका छन् । साथै रुपन्देही जिल्ला कमिटी सदस्य ज्ञानेश श्रेष्ठले प्रारम्भिक निर्वाचन प्रणाली पार्टी विधानमा नभएको उल्लेख गर्दै बहिष्कार गर्ने बताए ।

उम्मेदवार छनोट प्रक्रिया पहिलेकै पद्धति अनुसार हुनुपर्ने जिल्ला र स्थानीय पार्टी संरचनाले जोड दिएका छन् । 'जिल्ला, वडा, नगर, क्षेत्रका नेता कार्यकर्ताले प्राइमरी चुनाव गरे बहिष्कार गर्ने भन्नुभएको छ, जिल्लाका सबैले प्राइमरी इलेक्सन अहिले ठिक हुँदैन केन्द्रले यहाँको कुरा मान्नुपर्दछ ।'-उदयले भने ।

राप्रपाबाट गौरव बोहरा, प्रज्ज्वल बोहरा, स्वाति थापा, बसन्तविक्रम शाहीलगायत ६ जना उम्मदेवारका आकांक्षी छन् ।

आकांक्षी चार जनाले जसलाई उम्मदेवार बनाए पनि एक अर्कालाई सहयोग गर्ने प्रतिबद्धता जनाइसकेका छन् । गौरव, प्रज्ज्वल र स्वाति यसै क्षेत्रबाट निर्वाचित पूर्व सांसद दीपक बोहराका परिवारका सदस्य हुन् ।

## इम्बोस्ड...

उनले यही कारण जनताबाट सरकारप्रति प्रश्न उठिरहेको बताए । "यहाँ जनताको तहबाट प्रश्न उठेको छ, इम्बोस्ड नम्बर प्लेटको औचित्य के हो ? के हामीसँग पर्याप्त प्रविधि, सेवाकेन्द्र र जनशक्ति छ ?," उनको प्रश्न छ-"जब हजारौँ नागरिकले वर्षौं कुर्दा पनि लाइसेन्स पाएका छैनन्। कर तिर्न दिनभर लाइन बस्नुपरेको छ । यस्तो अवस्थामा इम्बोस्ड नम्बरप्लेट किन अनिवार्य गरिँदैछ, त्यो पनि नम्बर अंग्रेजीमै ?"

उनले यसबाहेक इम्बोस्ड नम्बरमा नागरिकले भाषा र भावनाको पनि प्रश्न उठाइरहेको बताए । "आम जनताले हाम्रो भाषा र भावनासँग जोडेर पनि प्रश्न उठाएका छन्," नेम्वाङले भने-"त्यसैले मेरो विनम्र आग्रह छ, सरकारले तत्काल इम्बोस्ड नम्बर प्लेट कार्यान्वयन स्थगित गरी आवश्यक पूर्वाधार, प्रविधि र जनशक्ति सुनिश्चित गरेपछि मात्र लागु गरियोस् ।"

यसअघि एमाले सांसद बासुदेव घिमिरेले संसदमै तत्काल इम्बोस्ड नम्बर प्लेट लागू गर्न नसकिने बताएका थिए ।

उनले अर्को वर्षदेखि मात्र लागू गर्न सुझाव दिएका थिए । रास्वपा सांसद विराजभक्त श्रेष्ठले भने यसको औचित्यमाथि प्रश्न गर्दै अर्बौं घोटालाको आशंका गरेका थिए । जनस्तरबाट समेत यसको चौतर्फी विरोध भएको छ ।

## भकारीमा...

त्यस्तै इलाका प्रहरी कार्यालय बेलहिया रुपन्देहीबाट खटिएको प्रहरी टोलीले जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. १ बन्दरगाहामा चेकजाँच गर्ने क्रम सिद्धार्थनगरनगरपालिका वडा नं. १ बाइपास बस्ने २६ वर्षीय प्रेमलाल यादवको साथबाट १ ग्राम ०३ मिलि ग्राम ब्राउन सुगर लागुऔषधसहित लु.प्र.०१-००१ प १३५१ नम्बरको मोटरसाइकल, र केही थान मोबाइल बरामद गरी थप आवश्यक अनुसन्धान थालेको प्रहरीले जनाएको छ ।

## लुम्बिनी...

यसअघि २०७६ असारमा सर्वोच्चले लुम्बिनी विकास कोषको पर्खाल वरपर १५ किलोमिटरभित्र उद्योग सञ्चालन नगर्न र भएका उद्योग स्थानान्तरण गर्न अन्तरिम आदेश दिएको थियो ।

तर, उद्योगीहरूले अन्तरिम आदेश पालना गरेका थिएनन् । तर गत बुधबार न्यायाधीशद्वय कुमार रेग्मी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले लुम्बिनी क्षेत्रको वातावरण र पुरातात्विक सम्पदाको संरक्षणको विषय समस्त नेपाली र विश्व मानवताको सार्वजनिक चिन्ता र चासोको विषय भएको भन्दै दुई वर्षभित्र उद्योगहरू सार्न परमादेश जारी गरेको हो ।

सर्वोच्चको पछिल्लो परमादेशपछि उद्योगीहरू आफ्ना उद्योगलाई अन्यत्र सार्नैपर्ने कानुनी बाध्यतामा परेका छन् ।

मुद्दामा १९ उद्योगलाई विपक्षी बनाइएको थियो । ती उद्योगहरूमा सुप्रिम सिमेन्ट, जगदम्बा सिमेन्ट, गोयन्का सिमेन्ट, अम्बे स्टिल, रिलायन्स सिमेन्ट, सिद्धार्थ सिमेन्ट, ब्रिज सिमेन्ट, अग्नि सिमेन्ट, कैलाश सिमेन्ट,विशाल सिमेन्ट रहेका छन् ।

यस्तै श्रीराम सिमेन्ट, अर्घाखाँची सिमेन्ट, नेपाल अम्बुजा सिमेन्ट, श्याम प्लाइउड, हिमालयन स्न्याक्स एन्ड नुडल्स, अम्बे स्टिल, सिद्धार्थ आयल इन्डस्ट्रिज, रिलायन्स पेपर मिल्स, गोयन्का स्टिललाई पनि लुम्बिनीमा प्रदूषण फैलाएको भन्दै विपक्षी बनाइएको थियो ।

विभिन्न अध्ययनले लुम्बिनी क्षेत्रमा वातावरण प्रदूषण बढ्नुको प्रमुख कारण उद्योग नै रहेको देखाएका छन् । सन् २०१२ मा अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ र युनेस्कोले गरेको अध्ययनदेखिभारतको पुणेका वैज्ञानिकहरूले गरेको अनुसन्धानसम्म सबैले लुम्बिनीलाई उच्च प्रदूषित क्षेत्रका रूपमा चित्रण गरेका छन् ।

२०७० पुसमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले लुम्बिनी प्रदूषण न्यूनीकरणका लागि तत्काल उपाय पहिल्याउन निर्देशन दिएको थियो । तर आजसम्म त्यसको कार्यान्वयन भएको छैन ।

अदालतले बन्द गर्न भनेको क्षेत्रमा अहिले राष्ट्रिय र स्थानीय गरी ४० बढी उद्योगहरू रहेका छन् ।

लुम्बिनीमा सम्पदा संरक्षण विपरीतका गतिविधि, जथाभावी पूर्वाधार निर्माण र औद्योगिक प्रदूषणलगायतका कारणले युनेस्कोले विगतदेखि खतराको सूचीमा राख्ने भन्दै सन् २००२ देखि चेतावनी दिँदै आएको छ ।

# दूध किसानले कात्तिकभित्र भुक्तानी पाउने



बुटवल । लामो समयदेखि दुग्ध उत्पादक किसानहरूले उठाउँदै आएको बक्यौता भुक्तानीको माग सम्बोधन भएसँगै उनीहरूले सुरु गरेको आन्दोलन स्थगित भएको छ । बुधबार सरकार र आन्दोलनरत दुग्ध संघसंस्थाहरूबिच भएको वार्तामा कात्तिक मसान्तभित्र सम्पूर्ण बक्यौता चुक्ता गर्ने सहमति भएपछि आन्दोलनका कार्यक्रमहरू रोकिएका हुन् ।

केही दिनयता डेरी संघ, केन्द्रीय दुग्ध सहकारी संघ, नेपाल डेरी एसोसिएसनलगायत संस्थाहरूले किसानको अर्बौं बक्यौता रकम तत्काल भुक्तानी गर्न माग गर्दै आन्दोलनमा उत्रेका थिए ।

सहमतिअनुसार २०८२ असार मसान्तसम्मको बाँकी बक्यौता रकम ५ असोजभित्र भुक्तानी गरिनेछ । त्यसैगरी, साउन महिनासम्मको बक्यौता ३० असोजभित्र चुक्ता गरिनेछ ।

भदौ महिनासम्मको बाँकी रहेको भुक्तानी भने कात्तिक मसान्तभित्र सम्पन्न गर्ने समझदारी भएको छ । थप सहमतिअन्तर्गत दुग्ध उत्पादक सहकारी संघसंस्थाहरूबाट लिइरहेको दूधको परिमाणमा कुनै कटौती नगरी निरन्तर संकलन गरिनेछ । साथै, सरकारले तोकेको किसानको दूधको न्यूनतम खरिद मूल्य देशभरिका सबै उद्योगहरूबाट अनिवार्य रूपमा लागु गरिने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

### श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (व.सु.प.)बाट प्रकाशित

### हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना ।

देउ बहादुर दमैको छोरा-बुहारीहरू, जयराम दमैको पत्नीहरू जिल्ला नवलपरासी (ब.सु.प.), साविक गा.बि.स. सुनवल, वार्ड नं. ८ हाल परिवर्तित सुनवल नगरपालिका, बार्ड नं. ८ बस्ने विनु दमाई-१ र चिनी दमै १ समेत जना २ ले सेते दमैको नाति, खुन्ते दमैको छोरा एवम् हाम्रा ससुरा बुबा ऐ. ऐ. बस्ने देउ बहादुर दमैको नाउँमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला नवलपरासी, साविक गा.वि.स. सुनवल, वार्ड नं. ८/घ को कि.नं. १२ र १७५ ज.बि. क्रमशः ०-५-१० र ०-१-१० जग्गाहरू रहेकोमा निज जग्गाधनी ससुरा बुवा देउ बहादुर दमैको मिति २०७९/०८/२३ मा निजको सबभन्दा नजिकको हकवाला एकमात्र पत्नी एवम् हाम्री सासू-आमा छलु दमिनीको मिति २०७७/१२/०९ मा र निज दम्पतिको एकमात्र हकवाला छोरा एवम् हाम्रा पति जयराम दमैको पनि मिति २०७२/०८/१४ गते आ-आफ्नै कालगतिबाट मृत्यु भएको हुँदा निज मृतक जग्गाधनी ससुरा बुबा देउ बहादुर दमैको नाउँका माथि उल्लेखित कित्ता जग्गाहरूको हक खाने नजिकको हकवालामा निजका हामी दुई छोरा-बुहारीहरू जेठी बिनु दमाई १ र चिनी दमै १ समेत जना २ भई निज मृतक ससुरालाई जीवित छँदासम्म निजको पालनपोषण गर्ने, हेरचाह गर्ने, मृत्युपछिको काजकिरिया गरी ऋणधन बेहोर्ने सम्पूर्ण काम हामी दुई दिदी-बहिनीले संयुक्त रूपमा गरेको हुँदा निज ससुरा बुवाको नाउँमा रहेको उक्त कित्ता जग्गा हामीहरूको संयुक्त नाउँमा नामसारी गराइपाऊँ भनी यस भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) मा दिएको माग दावी निवेदन सम्बन्धमा निवेदिकाहरू विनु दमाई र चिनी दमै बाहेक मृतक जग्गाधनी देउ बहादुर दमैको अन्य कोही हकवालाहरू भए वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.), परासीमा हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सबैका लागि जारी गरिएको छ, अन्यथा नियामानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

# विनयी त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दुम्कीबास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)

## विज्ञापन कर संकलनका लागि शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०५/१९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम विनयी त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन,२०८२ ले तोकेको दररेटका आधारमा न्यूनतम रकमबाट बडाबड हुने गरी विनयी त्रिवेणी गाउँपालिकाको क्षेत्र भित्र आ.व.२०८२/०८३ का लागि विज्ञापन कर संकलन कार्य गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र शिलबन्दी दरभाउ पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| आय ठेक्का नम्बर | विवरण | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| 13/NCB/Rev/BT/ 2082-083 | विज्ञापन कर संकलन सम्बन्धी आन्तरिक आय ठेक्का, विनयी त्रिवेणी गाउँपालिका | १५००००.०० | ४५००.०० | १०००।- | |

**शर्तहरु :**

१. फर्मको हकमा नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकले नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि विदेशी नागरिकको हकमा व्यवसाय गर्न प्राप्त गरेको इजाजतपत्रको प्रमाणित प्रतिलिपी बोलपत्र फाराम बापत यस कार्यालयमा नगद तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं.००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २०८२/०६/०५ गते १२:०० बजेसम्म कार्यालयको राजश्व शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । बोलपत्र जमानत रकम कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय,दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८२/०६/०५ गतेका दिन दिनको १२:०० बजे भित्र बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८२/०६/०५ गते १:०० बजे पछि विभिन्न कार्यालयको प्रतिनिधि, व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सुचना पाएको वा सुचनाटाँस भएको मितिले १५दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल भाद्रमसान्तसम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम अषाढ मसान्त भित्र अनिवार्य बुझाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको बोलपत्र जमानत रकमजफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाँउपालिकाका कवाडी संकलन गर्ने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८३ साल अषाढमसान्तसम्म रहनेछ ।

२. बोलपत्र जमानत बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद बोलपत्र जमानत नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

३. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिलेआफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउनुपर्नेछ ।

४. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

५. गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन ।

६. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ ।

७. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउने छैन ।

८. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहासम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

९. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात् गरिने सम्झौता अनुसार हुनेछ ।

१०. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

११. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

### विमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२। ४।११ गते प्रतापपुर ५ देखि परासी जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम :** अजोरिया कुमारी अहीर
**ठेगाना :** प्रतापपुर गाउँपालिका वडा नं.-५, नवलपरासी
**बिमा लेख नं :** २५१११०२१६
**मोबाइल न :** ९८०२६३२१२५

**श्री पृथ्वी सामुदायिक वन उपभोक्ता समूह,**
**बुद्धभुमि न.पा - ०४, कपिलवस्तु**
**अनुसूची-१५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)**

### काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सच्याइएको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०५/१८

श्री पृथ्वी सामुदायिक वन उपभोक्ता समूह, बुद्धभूमि न.पा. - ०४, कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको साल, सिसौ, सागन-टि, खयर, बाँझी, विजय साल, असनालगायत जातको गोलिया थान १०५९ को २८०५.६१ क्यु.फि. काठ र अन्य जातको १.५ साल, सागन, मिश्रितलगायत अन्य जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा ) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## पाणिनिमा समृद्धिको आशाः

# प्रमुख प्रशासकीय अधिकृत खनालको स्पष्ट दृष्टि



**अविजित पन्थी**

*अर्घाखाँची*

वि.सं. २०४९ सालमा अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिका वडा नं. ९ मा जन्मिएका सुवर्ण खनाल हाल पाणिनि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत छन् । गाउँकै साधारण परिवेशमा हुर्केका खनालले प्रारम्भिक शिक्षा गाउँमै हासिल गरेपछि उच्च शिक्षा प्राप्तिका लागि निरन्तर संघर्ष गरे । विज्ञानप्रतिको रुचिका कारण त्रिभुवन विश्वविद्यालयबाट भौतिकशास्त्रमा स्नातकोत्तर गर्न सफल हुँदा उनको ज्ञानप्रतिको जिज्ञासा त्यत्तिमै सीमित भएन । कानुन र न्यायबारे गहिरो बुझाइ आवश्यक छ भन्ने ठान्दै हाल एल.एल.बी. अध्ययन पनि जारी राखिरहेका छन् ।

वि.सं. २०७६ सालमा निजामती सेवामा प्रवेश गरेपछि खनालले अर्घाखाँची जिल्ला अदालतमा प्रारम्भिक अनुभव संकलन गरे । त्यसपछि गुल्मीस्थित कोष तथा लेखा नियन्त्रण कार्यालय हुँदै भूमि व्यवस्था, शहरी तथा गरिबी निवारण मन्त्रालय काठमाडौंसम्म पुग्दै उनले करिब छ वर्ष लामो अनुभव हासिल गरे । यस अवधिमा उनले आर्थिक प्रशासन, नीति कार्यान्वयन, लेखा परीक्षण, सेवा प्रवाह र सुशासनका विविध पक्षमा प्रत्यक्ष काम गर्ने अवसर पाए । यिनै अनुभवको आधारमा अहिले पाणिनि गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालेका छन् ।

खनाल भर्खरै मात्र पाणिनि गाउँपालिकामा आएका छन् । धेरै समय नभए पनि सुरुवातमै उनले गाउँपालिकाको प्रशासनिक सुशासन, जवाफदेहिता र चुस्त सेवा प्रवाहलाई प्राथमिकतामा राखेका छन् । उनको दृष्टिमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार गाउँपालिकाको समृद्धिको आधार स्तम्भ हुन् । उनले नागरिकसँग प्रत्यक्ष संवाद गर्दै, कार्ययोजना अघि बढाउन सहकार्य र समाधानमुखी दृष्टिकोण अपनाएका छन् ।

गाउँपालिकाले आफ्नै बजेटमार्फत् शिक्षा क्षेत्रमा धेरै कार्यक्रम अघि बढाएको छ । स्मार्ट कक्षा सञ्चालन, डिजिटल बोर्ड स्थापना, छात्रवृत्ति वितरण, पोषिलो खाजा, बालमैत्री कक्षा निर्माण र कम्प्युटर प्रशिक्षक कार्यक्रम सञ्चालन गर्ने नीति राखिएको छ । यी सबै कार्यक्रमहरूलाई खनालले कार्यान्वयन गर्न, गुणस्तरीय शिक्षा प्रवाह गर्न र शिक्षक तथा विद्यार्थीलाई सहजीकरण गर्न प्राथमिकता दिएका छन् ।

स्वास्थ्य क्षेत्रमा पनि बजेटअनुसार पहलहरू तय छन् । हाल अन्तिम चरणमा रहेको १५ शैयाको अस्पताललाई सञ्चालनमा ल्याउने, सुरक्षित मातृत्व, पोषण, किशोरी मैत्री सेवा, आयुर्वेद, अपांगता उपचार सहायता, निःशुल्क औषधि वितरण, योग तथा ध्यान जस्ता सेवा प्रवाह गर्ने योजना छ । खनालले यी पहलहरूलाई छिटो प्रभावकारी रूपमा लागू गर्न, दुर्गम बस्तीका नागरिकसम्म स्वास्थ्य सुविधा पुऱ्याउन कार्यरत छन् ।

कृषि तथा पशुपालनमा मौरीपालन, आलु खेती, बाख्रापालन, पशु खोप, कृत्रिम गर्भाधान, डोअर-टु-डोअर कार्यक्रम, "एक गाउँ-एक प्रविधिक" र "एक पालिका-एक भेटनरी डाक्टर" जस्ता कार्यक्रम बजेटअनुसार तय छन् । खनालले यी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै कृषकलाई आधुनिक प्रविधि, तालिम र बजार व्यवस्थापनमा सहयोग पुऱ्याइरहेका छन् । साथै, वातावरण संरक्षणका लागि एक लाख बिरुवा रोप्ने योजनाको कार्यान्वयनमा पनि उनी सक्रिय रहेका छन् ।

पूर्वाधारतर्फ प्रमुख सडक, अन्य मोटरबाटा, पुल, खानेपानी तथा भवन मर्मत योजनाहरू बजेटमै तय छन् । खनालले यी योजनालाई प्राथमिकतामा राख्दै निर्माण कार्य अगाडि बढाउन, सडक-पुलको मर्मत-संरक्षण सुनिश्चित गर्न, र पाणिनि तपोभूमि तथा सिस्ने खोलामा पर्यटकीय पुल निर्माणमार्फत् धार्मिक, सांस्कृतिक र पर्यटन विकासलाई अघि बढाउन कार्य गर्दै छन् ।

साथै, पाणिनि तपोभूमिको लागि जग्गा प्राप्ति गरी संघ र प्रदेश सरकारबाट विनियोजित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा समेत उनी सक्रिय रहेका छन् ।

रोजगारी सिर्जना, सीपमूलक तालिम, उद्यम विकास, होटल तथा आतिथ्य तालिम र स्वरोजगार प्रोत्साहन कार्यक्रम बजेटअनुसार लागू गरिनुपर्ने कार्यहरू हुन् । खनालले गाउँपालिकाका युवा वर्गलाई अवसर दिलाउन, रोजगार र स्वरोजगारलाई सहज बनाउन यी योजनाहरूको प्रभावकारी कार्यान्वयनमा जेुका छन् ।

त्यस्तै, दैवी प्रकोप व्यवस्थापन, मर्मत कोष, कर्मचारी कल्याणकारी कोष र गाउँसभा तथा वडास्तरीय योजनाका लागि छुट्टै व्यवस्था बजेटअनुसार छन् । खनालले यी व्यवस्थापनलाई पारदर्शी, प्रभावकारी र समयमै कार्यान्वयन गर्न ध्यान दिएका छन् ।

उनको कार्यशैली संवाद, सहकार्य र समाधानमुखीपनामा आधारित छ । निर्वाचित जनप्रतिनिधि र प्रशासन एउटै लक्ष्यमा पुग्ने सहयात्री हुन् भन्ने विश्वासका साथ उनी गाउँपालिका अध्यक्षदेखि वडा प्रतिनिधिसम्म प्रत्यक्ष संवाद गर्दै सहकार्यमा जोड दिएका छन् ।

३२ वर्षकै उमेरमा यति ठूलो जिम्मेवारी सम्हाल्नु आफैंमा चुनौतीपूर्ण भए पनि खनालको परिपक्व सोंच, पेशागत इमान्दारी र पारदर्शी नेतृत्वले पाणिनीवासीमा नयाँ आशा जगाएको छ । सहकर्मीहरूले उनलाई इमान्दार, लगनशील र नविन सोंचका प्रशासकका रूपमा वर्णन गर्छन् भने नागरिकहरूले सुशासन, सेवा सहजता र पूर्वाधार विकासमा उनकै नेतृत्वबाट उपलब्धि हुने विश्वास राखेका छन् ।

सुवर्ण खनालको जीवनयात्रा एउटा साधारण ग्रामीण युवाको संघर्ष, पढाइ र सेवाभाव हुँदै प्रशासनिक नेतृत्वसम्मको कथा हो । गाउँकै माटोमा हुर्केका एक युवा आफ्नो प्रतिभा, लगनशीलता र इमान्दारीका आधारमा प्रमुख प्रशासकीय अधिकृत बनेको देख्दा पाणिनिवासीहरू आशावादी बनेका छन् । पारदर्शिता, जवाफदेहिता र नतिजामुखी कार्यशैलीमार्फत् उनले पाणिनि गाउँपालिकालाई प्रदेशमै उदाहरणीय बनाउने लक्ष्य लिएका छन् । नागरिकहरू गर्वका साथ भन्न थालेका छन् - "पाणिनिको उज्यालो भविष्य अब सुवर्ण खनालको नेतृत्वमा सुरक्षित छ ।"

# काँग्रेस रूपन्देहीले खुल्ला म्याराथुन गर्ने



बुटवल । नेपाली काँग्रेसका संस्थापक नेता नेपालका प्रथम जननिर्वाचित प्रधानमनत्री बी.पी. कोइरालाको जन्मजयन्तिमा नेपाली काँग्रेस रुपन्देहीले खुल्ला म्याराथुन प्रतियोगिता गर्ने भएको छ । नेपाली काँग्रेस रुपन्देहीको जिल्ला कार्यसमितिको बैठकले नेपाली काँग्रेसका संस्थापक नेता प्रथम जननिर्वाचित प्रधानमन्त्री बी.पी.को ११२औं जन्मजयन्तिको अवसरमा खुल्ला म्याराथुन (दौड) प्रतियोगिता गर्ने निर्णय गरेको हो ।

जिल्ला सभापति रामकृष्ण खाँणको अध्यक्षतामा हालै बसेको कार्यसमितिको बैठकले कार्यक्रम सम्पन्न गर्नको लागि कोषाध्यक्ष हरिप्रसाद अर्यालको संयोजकत्वमा उपसमिति समेत गठन गरिएको छ ।

काँग्रेसका संस्थापक नेता प्रथम जननिर्वाचित प्रधानमन्त्री बी.पी.को ११२औं जन्मजयन्तिको अवसरमा यहि भदौ २४ गते जिल्ला सदरमुकाम भैरहवामा म्याराथुन प्रतियोगिता गर्न लागिएको र उक्त प्रतियोगितामा करिव ५ सय जनाको सहभागिता हुनसक्ने कार्यक्रम संयोजक तथा कोषाध्यक्ष अर्यालले बताए ।

भैरहवाको विमानस्थल चोकदेखि बुद्धचोकसम्म सञ्चालन गरिने म्याराथुनमा प्रथम हुनेलाई मेडलसहित १० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिने छ । त्यस्तै द्वितीय हुनेलाई मेडलसहित ५ हजार रुपैयाँ, तृतीय हुनेलाई मेडलसहित ३ हजार रुपैयाँ र सान्त्वना हुने २ जनालाई मेडलसहित जनही १ हजार ५ सय रुपैयाँ नगद पुरस्कार प्रदान गरिने पनि संयोजक अर्यालले जानकारी गराए । उक्त प्रतियोगितामा सहभागी हुनका लागि नेपाली काँग्रेस रुपन्देहीले सबैलाई आह्वान गरेको छ ।

बैठकमा पार्टीको संगठन सुदृढीकरण, स्थानीय तहमा सक्रियता बढाउने र आगामी गतिविधिहरु प्रभावकारी बनाउनका लागि समेत महत्वपूर्ण निर्णयहरु गरिएको सो पार्टीले जनाएको छ ।


## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् ।

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्कः**
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## श्री अविरल बचत तथा ऋण सहकारी संस्था लि.

सिद्धार्थनगर न.पा.-७, भृकुटी पथ, भैरहवा, रूपन्देही

### अत्यन्तै जरुरी सूचना

प्रकाशित मिति २०८२।०५।१९

यस अविरल बचत तथा ऋण सहकारी संस्था लि. सिद्धार्थनगर-७, भृकुटीपथ भैरहवा रुपन्देही दर्ता न. २०६७।२०६८ ६९०(२४३०) मा आबद्ध रहनु भएका शेयर सदस्यहरु माझ यो जानकारीका लागि सूचित गरिन्छ कि, यस संस्थामा शेयर सदस्य रही नियमित मासिक बचत नगर्नु भएका र आफ्नो **KYM** (सदस्य पहिचान विवरण) अध्यावधिक नगर्नुभएका सदस्यहरु माझ आजको मितिबाट ३५ दिनभित्रमा यदि सदस्यता कायम राख्ने हो भने, यस संस्थामा सम्पर्क गरी आफ्नो KYM विवरण र नियमित मासिक बचत संचालन गर्नुहुन जानकारीका लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । अन्यथा संस्थाको साधारणसभाको निर्णय बमोजिम निस्क्रिय रहनुभएका सदस्यहरुको सदस्यता स्वतः खारेज गरिने भनी जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



## श्री अविरल बचत तथा ऋण सहकारी संस्था लि.

सिद्धार्थनगर न.पा.-७, भृकुटी पथ, भैरहवा, रूपन्देही

### १५औं साधारण सभा तथा ५ औं निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

**आदरणीय सदस्य महानुभावहरु,**

**प्रकाशित मिति** : २०८२/०५/१९

यस संस्थाको मिति २०८२ भाद्र ७ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको १५ औ साधारण सभा तथा ५औं निर्वाचन कार्यक्रम निम्न मिति, समय र स्थानमा सम्पन्न हुने व्यहोरा सहर्ष जानकारी गराउदै सम्पुर्ण सदस्यज्यूहरुको अनिवार्य उपस्थितिको लागि सादर अनुरोध गर्दछौ ।

**कार्यक्रम :**
**मिति** : २०८२ असोज २५ गते शनिबार ।
**समय** : बिहान १०:०० बजे ।
**स्थान** : उद्योग वाणिज्य संघको सभाहल, सि.न.पा. १२, कालिकास्थान भैरहवा, रुपन्देही
**सम्पर्क नं.** ०७१-५७२६४४, ९८४७०८७५९०, ९८५७०१५३४३

**छलफलका बिषयहरु :-**

१) संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुती तथा अनुमोदन सम्बन्धमा ।
२) आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षणको प्रतिवेदन प्रस्तुती तथा अनुमोदन सम्बन्धमा ।
३) आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन प्रस्तुती तथा अनुमोदन सम्बन्धमा ।
४) आ.व. २०८२/०८३ को अनुमानित बजेट तथा कार्यक्रम प्रस्तुती तथा अनुमोदन सम्बन्धमा ।
५) आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६) लाभांश वितरण सम्बन्धमा ।
७) निष्कृय सदस्यहरुको शेयर तथा बचत फिर्ता गरी भुक्तानी दिनुपर्ने बचत हिसाब मा राख्ने सम्बन्धमा ।
८) संस्थाको नीति, नियमावली र कार्यविधि संशोधन तथा स्वीकृत सम्बन्धमा ।
९) संचालक समिति ले गरेका निणर्य तथा ऋण उपसमिति बाट भएका ऋण लगानी सम्बन्धी निर्णय पारित गर्ने सम्बन्धमा ।
१०) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।
११) निर्वाचन संचालन कार्यक्रम १२) विविध ।

**केशवराज आचार्य**
**सचिव**



## Binayi Tribeni Rural Municipality
## Office of The Rural Municipal Executive

**Dumkibas, Nawalparasi (East of Bardaghat Susta)**
**Gandaki Province, Nepal**

# Invitation For Online Bids

First Date of publication: 2082/05/19, (4th, Sept, 2025)

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount without VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 12/BTRM /NCB/ Works/ 2082-083 | Warda Number 5 ko Bhihinna Bhitri Bato Istarunnati | 6003618.86 | 180000.00 | 3000.00 | 2082/06/22 (8th, Oct, 2025) Before 12:00 | 90 Days | 2082/06/09 (25th, Sept, 2025) at 1:00 PM | 2082/06/22 (8th, Oct, 2025) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi (East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | | |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com